मितिः- २०८२/०३/१०

नेपालको संविधानको धारा २२२ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा भएको व्यवस्था बमोजिम रामप्रसादराई गाँउपालिका अध्यक्ष श्री थाम बहादुर राईज्यूको अध्यक्षता तथा देहाय बमोजिमको गाउँ सभा सदस्यज्यूहरुको उपस्थितिमा रामप्रसादराई गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशन संचालन गरियो।

| क्र. स. | नाम / थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | थाम बहादुर राई | अध्यक्ष | रामप्रसादराई १, भोजपुर | |
| २ | वीरेन्द्र राई | उपाध्यक्ष | ऐ वडा नं. ५ | |
| ३ | जोगेन्द्र राई | सदस्य | ऐ वडा नं. १ | |
| ४ | राज कुमार तामाङ्ग | सदस्य | ऐ वडा नं. २ | |
| ५ | रामु थापा मगर | सदस्य | ऐ वडा नं. ३ | |
| ६ | बाबु कुमार राई | सदस्य | ऐ वडा नं. ४ | |
| ७ | जगत बहादुर चौहान | सदस्य | ऐ वडा नं. ५ | |
| ८ | एकराज आचार्य | सदस्य | ऐ वडा नं. ६ | |
| ९ | मनकाजी राई | सदस्य | ऐ वडा नं. ७ | |
| १० | बाचकुमार राई | सदस्य | ऐ वडा नं. ८ | |
| ११ | अजम राई | सदस्य | ऐ वडा नं. १ | |
| १२ | सविना तामाङ | सदस्य | ऐ वडा नं. ४ | |
| १३ | विना विश्वकर्मा | सदस्य | ऐ वडा नं. ३ | |
| १४ | प्रतिमा राई | सदस्य | ऐ वडा नं. ५ | |
| १५ | मिलन वि. क. | सदस्य | ऐ वडा नं. ६ | |
| १६ | अशोक कुमार खवास | सदस्य | ऐ वडा नं. ४ | |
| १७ | जुना बानिया दर्जी | सदस्य | ऐ वडा नं. १ | |
| १८ | धनिराज राई | सदस्य | ऐ वडा नं. १ | |
| १९ | विजेन्द्र तामाङ्ग | सदस्य | ऐ वडा नं. १ | |

| | | | | |
|---|---|---|---|---|
| २० | प्रभा राई तामाङ | सदस्य | ऐ वडा नं. २ | [signature] |
| २१ | विष्णा दर्जी | सदस्य | ऐ वडा नं. २ | |
| २२ | जीवन जर्गा मगर | सदस्य | ऐ वडा नं. २ | [signature] |
| २३ | सुन्दर कुमार राई | सदस्य | ऐ वडा नं. २ | [signature] |
| २४ | विजया राई | सदस्य | ऐ वडा नं. ३ | [signature] |
| २५ | टेकराज भट्टराई | सदस्य | ऐ वडा नं. ३ | [signature] |
| २६ | योगराज मगर | सदस्य | ऐ वडा नं. ३ | [signature] |
| २७ | हेमादेवि सार्की | सदस्य | ऐ वडा नं. ४ | |
| २८ | महेन्द्र बहादुर कार्की | सदस्य | ऐ वडा नं. ४ | [signature] |
| २९ | एकराज भुजेल | सदस्य | ऐ वडा नं. ४ | [signature] |
| ३० | कल्पना विश्वकर्मा | सदस्य | ऐ वडा नं. ५ | [signature] |
| ३१ | दुर्गा बहादुर मगर | सदस्य | ऐ वडा नं. ५ | [signature] |
| ३२ | हश बहादुर पाण्डे | सदस्य | ऐ वडा नं. ५ | [signature] |
| ३३ | सावित्रा राई | सदस्य | ऐ वडा नं. ६ | सावित्रा |
| ३४ | जानुका सुयल | सदस्य | ऐ वडा नं. ६ | [signature] |
| ३५ | जयन्द्र कुमार राई | सदस्य | ऐ वडा नं. ६ | [signature] |
| ३६ | जुना राई | सदस्य | ऐ वडा नं. ७ | |
| ३७ | रन्जीता सार्की | सदस्य | ऐ वडा नं. ७ | [signature] |
| ३८ | दिनेश राई | सदस्य | ऐ वडा नं. ७ | [signature] |
| ३९ | शुक्र बहादुर राई | सदस्य | ऐ वडा नं. ७ | [signature] |
| ४० | निर्मला राई | सदस्य | ऐ वडा नं. ८ | [signature] |
| ४१ | तिर्थदेवि कामी | सदस्य | ऐ वडा नं. ८ | [signature] |
| ४२ | बिकाश राई | सदस्य | ऐ वडा नं. ८ | [signature] |
| ४३ | देव कुमार राई | सदस्य | ऐ वडा नं. ८ | [signature] |
| ४४ | आङलाक्पा तामाङ | सदस्य सचिव | | [signature] |

१) **आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।**

अध्यक्ष थामबहादुर राईज्यूबाट प्रस्तुत आगामी आ.व. ०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सभाबाट पारित गरियो।

२) **चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा सम्बन्धमा।**

आ.व. ०८१/०८२ मा यस गाउँपालिकामा कार्यरत कार्यालय प्रमुखको पटक पटक भएको सरुवाको कारण सेवा प्रवाहमा केही अवरोधका वावजुद पनि गाउँपालिकाले क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम संझौता भई संचालन भइरहेका योजनाहरुको निर्माण कार्य सम्पन्न भइ अन्तिम निकासाको लागि पेश हुने क्रम जारी रहेको, समपूरक अनुदानको कार्यक्रममा भएको ठेक्का संझौता अनुसार आषाढ २२ सम्मको म्याद रहेको, भारी वर्षाको कारण आएको विनासकारी बाढी पहिरोका कारण क्षति पुगेका सडकको मर्मत संभार गरी सबै वडामा नियमित यातायातको साधन संचालन भइरहेको, टाढा टाढा रहेका वडाहरुको लागि योजना/कार्यक्रमको संझौता सम्बन्धित वडा कार्यालयमा पुगेर संझौता शिविर मार्फत संचालन गरिएको, नेपाल जलवायु नमुना कार्यक्रम अन्तरगत संचालित कार्यक्रमहरु लगायत लाभग्राही समुदायबाट संचालन हुने कार्यक्रमको संचालन प्रक्रियाको विषयमा सरोकार पक्षसंग बसेर अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम गर्दै अगाडि बढीरहदा हालसम्म ९० प्रतिशत भन्दा माथि योजना/कार्यक्रमको कार्यसम्पन्न भइ निकासाको चरणमा रहेको तर पालिकाबाट कुनैपनि योजना/कार्यक्रममा पेश्की निकासा नहुने भएकोले हाल वित्तिय प्रगतिमा केही कमजोर प्रगति रहेको र आषाढ २० सम्ममा लक्ष्यअनुरुपको कार्य प्रगति हुने समीक्षा गरियो।

तपसिल:-

गाउँपालिका तर्फ:-

| | |
|---|---|
| क) आर्थिक विकास | ३३ प्रतिशत |
| ख) सामाजिक विकास | ७० प्रतिशत |
| ग) पूर्वाधार विकास | ३५ प्रतिशत |
| घ) सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ३३ प्रतिशत |
| ङ) कार्यालय संचालन तथा प्रशासनिक | ५९ प्रतिशत |

वडाकार्यालय तर्फ:-

| | |
|---|---|
| क) वडा नं. १ - | ७१ प्रतिशत |
| ख) वडा नं. २ - | ९६ प्रतिशत |
| ग) वडा नं. ३ - | ९७ प्रतिशत |
| घ) वडा नं. ४ - | ३२ प्रतिशत |
| ङ) वडा नं. ५ - | ६५ प्रतिशत |
| च) वडा नं. ६- | ७४ प्रतिशत |
| छ) वडा नं. ७- | १७ प्रतिशत |
| ज) वडा नं. ८- | ६२ प्रतिशत |

समग्रमा:-

पुँजीगत- ३५ प्रतिशत

चालु- ६६ प्रतिश

३) **विषयगत समितिको प्रतिवेदन सम्बन्धमा ।**

विषयगत समितिबाट गरिएको कार्यहरुको प्रगति प्रतिवेदन सभामा पेश गरिएको र उक्त प्रतिवेदन उपर छलफल गरी प्राप्त सुझाव कार्यान्वयन गरिने प्रतिबद्धता सहित सभाबाट स्वीकृत गरियो ।

४) **म.ले. प. प्रतिवेदन सम्बन्धमा ।**

आ.व. २०८०/०८१ मा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदन सभामा प्रस्तुत गर्दा उक्त प्रतिवेदनले औंल्याएको बेरुजु रकमको हकमा मिति २०८१/०९/२४ को गाउँ सभाको १५ औं अधिवेशनबाट निर्णय भइसकेको अनुसूची १ मा उल्लेखित विवरण समपरीक्षणको लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

५) **रोजगार सेवा केन्द्र मार्फत संचालित कार्यक्रम सम्बन्धमा**

रोजगार सेवा केन्द्र मार्फत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट सञ्चालन हुने कार्यक्रमहरु रुपबाट प्राप्त हुने बजेट कार्यान्वयनका शर्तहरुको पालना गर्दै रोजगार संख्याको आधारमा वडा कार्यालयबाट छनौट भएका योजनाहरु कार्यान्वयन गर्ने गराउने ।

६) **न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।**

आ. व. ०८१/०८२ मा न्यायिक समितिबाट कार्यसम्पादन गरिएको कृयाकलाप सहितको न्यायिक समितिका सयोजकबाट पेश भएको प्रतिवेदन सभाबाट स्वीकृत गरियो ।

७) **करार सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा:-**

यस गाउँपालिकाबाट सेवा करारमा कार्यरत गाउँपालिकाको स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरुको नियमानुसार म्याद थप गर्ने र नेपाल सरकारका विभिन्न स्रोतबाट पारिश्रमिक लिएर यस कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा सम्बन्धित निकायबाट प्राप्त हुने निर्देशन तथा कार्यपालिकाबाट भएको निर्णयानुसार गर्ने गराउने ।

८) **नेपाल जलवायु नमुना कार्यक्रम को लागि प्रप्त बजेट सम्बन्धमा ।**

यस सम्बन्धमा छलफल गर्दा आगामी आ.व. ०८२/०८३ को लागि उक्त शीर्षकमा प्राप्त बजेट रु. २०,००,०००। बाट स्थानीय अनुकुलन कार्ययोजना भित्र रहेर तपसिलको वडामा निम्न बमोजिमको योजना/कार्यक्रम छनोट गर्ने निर्णय गरियो ।

निम्न:-

क) भट्टराई कुलपूजास्थल भौतिक संरचना निर्माण भुल्के रु.१००००००।-

ख) खैलुङभन्ज्याङ खानेपानी टैंकी निर्माण वडा नं. ८ रु. ४०००००।-

ग) बेहेरेखोला देवीथान माथिल्लो सिरिसे पदमार्ग निर्माण बैकुन्ठे रु. ४०००००।-

घ) तुन्ताङ मानेभन्ज्याङ पदमार्ग निर्माण मानेभन्ज्याङ रु २०००००।-

९) कार्यपालिकाको हालसम्मको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।

यस आ.व. मा कार्यपालिकाको १९ औं बैठकसम्म भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

१०) कर्मचारी प्रोत्साहन सम्बन्धमा।

कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्साहन भत्ता निर्देशिका, २०७६ अनुसार कर्मचारीहरुको प्रोत्साहन भत्तालाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो।

११) वातावरण तथा प्रकृतिक स्रोत संरक्षण ऐनमा संशोधन।

वातावरण तथा प्रकृतिक स्रोत संरक्षण ऐन २०७९ मा भएको व्यवस्थालाई मिति २०८२ साल आषाढ ११ देखि लागू हुने गरी निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| ऐनमा भएको व्यवस्था | संशोधन गरिएको व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|
| ऐनको परिच्छेद-५ दफा ३८ को त सम्म मात्र भएकोमा थ र द मा देहाय अनुसार थप गर्ने | थ) सल्लाको खोटो निकालेपछी अनिवार्य रुपमा काटेको भागमा गोबर माटोले लिप्नु पर्ने छ। | वन विनास हुनबाट जोगाउन |
| | द) यस गाउँपालिका भित्रका सामुदायिक वन क्षेत्रको एउटा ब्लकबाट खयर निकासी गर्दा लगातार २ पटक निकासी गरिसकेपछी दुई वर्षको अन्तरालमा मात्र पुनः निकासि गर्न पाइने छ। | |

१२) आ व.२०८२/०८३ का लागि आर्थिक विधेयक प्रस्तुति।

गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईबाट प्रस्तुत आर्थिक विधेयक, २०८२ सभाबाट पारित गरियो।

१३) आ व.२०८२/०८३ का लागि विनियोजन विधेयक प्रस्तुति।

गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईबाट प्रस्तुत विनियोजन विधेयक, २०८२ सभाबाट पारित गरियो।

१४) आ.व. २०८२/०८३ को वार्षिक बजेट प्रस्तुति।

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक गाउँपालिका उपाध्यक्षज्यूबाट आ.व. २०८२/०८३ को लागि निम्नानुसारको अनुमानित आम्दानी तथा खर्च सहितको वार्षिक बजेट रु. **४६,८१,९४,४०७।–** (अक्षरुपीः छ्यालिस करोड एकासी लाख चौरानब्बे हजार चार सय सात) सभामा पेश भई व्यापक रुपमा छलफल पश्चात् सर्वसम्मत रुपबाट पारित गर्दै साँझ ७:०० बजे गाउँ सभाको १७ औं अधिवेशन अन्त्य गरियो।